# गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद

## Non Resident Nepali Association International Coordination Council

## संविधान सुझाव समुह, संविधान सम्वन्धी सुझाव संकलन

## Constitution Recommendation Committee, Suggestions for constitution making in Nepal

**सुझाव दिने राष्ट्रिय समन्वय परिषद** = राष्ट्रिय समन्वय परिषद साईप्रस

मिति = १५/०३/२००९

| सुझावको बिषय | प्रस्तावित सुझाव |
|---|---|
| (१) तपाँईको बिचारमा हाम्रो संबिधान राष्ट्रपतिय (अमेरिकाको जस्तो) वा संसदिय (बेलायत) वा मिश्रित (फ्रान्स) कस्तो प्रणलिमा आधारित हुनुपर्छ ? | ह्मम्रो संबिधान संसदिय व्यवश्था (बेलायतमा जस्तो) हुनु पर्छ तर मुलुकको कार्यकारी प्रमुख प्रत्यक्ष निर्वाचनबाट निर्वाचित भएको हुनूपर्छ। |
| (२) राष्ट्रनिर्माणमा गैरआवाशिय नेपालिहरुको संलग्नतालाई प्रोत्साहित गर्न दोहोरो नागरिकता लगायत संबिधानमा के कस्ता प्रावधान राख्न आवश्यक ठान्नु हुन्छ ? | कुल १८२ दिन भारत र भुटान बाहेकका मुलुकमा बसोबास गरेका नेपालीलाई गैरआवाशीय नेपाली (NRN) मान्यता प्रदान गर्नुपर्ने (**As per article for OECD**) । बिदेशी नागरिकता लिईसकेका नेपालीलाई दोहोरो नागरिकता प्रदान गरि मातृभूमिप्रति आकर्षित गरिनु पर्ने । |
| (३) सार्वजनिक पद धारण गर्ने व्यक्ति एवं राजनीतिज्ञहरुबाट हुने भ्रष्टचारलाई नियन्त्रण गर्न संबिधानमा के कस्ता प्रावधानहरु राखिन आवशयक ठान्नुहुन्छ ? | सार्वजनिक पद धारण गर्ने व्यक्तिले संपूर्ण चलअचल संपत्तिको बिवरण संबन्धित निकायमा पेश गरेर मात्र पद धारण गर्नु पर्ने र समय समयमा संबन्धित व्यक्तिको संपत्तिको सुपरिवेक्षण र जाचबुझ संबन्धित निकायले गर्नु पर्ने । |

| | |
|---|---|
| (४) अन्य देशसँग गरिने सन्धि वा सन्धिलाई अनुमोदन गर्ने प्रकिया कस्तो हुनुपर्छ र सरकार, राष्टपति वा संसदसँग यस संबन्धमा कस्तो अधिकार हुनुपर्छ ? | भारत र चिन संग गरिने राष्ट्रियस्तरका सन्धि र सम्झौताहरु जस्तै सिमा सम्बन्धि र प्राकृतिक स्रोत र साधनको संचालनको बारेमा संसदको २/३ (दुई तिहाई) बहुमत प्राप्त गरि सम्बन्धित क्षेत्रका जनताहरुको जनमत संग्रह गरि सहमति लिएर मात्र निर्णय गरिनु पर्ने । |
| (५) हाम्रो देशमा कस्तो निर्बाचन प्रणलि अपनाउनु उचित ठान्नुहून्छ पूर्ण समानुपातिक वा पहिलो हुने निर्बाचित हुने व्यवस्था वा संबिधान सभाको निर्बाचनमा प्रयोग भएको जस्तो मिश्रित व्यवश्था ? | बिगतका निर्वाचन प्रकृयामा देखिएका कमिकमजोरीलाई दृष्टिगत गरि आगामी दिनमा हुने निर्वाचन प्रणाली मिश्रित प्रकारको हुनुपर्ने । |
| (६) मुलूकको लोकतन्त्र, मानव अधिकार विधिको शासन तथा आर्थिक बिकासको प्रवर्धन एवं सद्बृढिकरणकालागि संबिधानमा अन्य के कस्ता प्रावधान राख्न जरुरि ठान्नुहुन्छ ? | प्रशासनिक क्षेत्रमा आमूल परिवर्तन गरि **"Right Person in the Right Place"** को सिद्धान्त कडाईकासाथ पालना गरिनु पर्ने, शक्तिको बिकेन्द्रिकरण गरिनु पर्ने, स्वाश्थ्य शिक्षा र सुचनाको हक सबै नेपालीमा निर्वाद रुपले पु-याउन कडा निति र कार्यकम ल्याउनुपर्ने । |
| (७) माथिका बाहेक अन्य कुनै महत्वपूण सुझाव | अन्य सुझावहरुमा उद्दार वैदेशिक लगानि निति ल्याउनु पर्ने, अन्य देशहरुसंग दोहोरो कर संझौता प्रणली लागु गर्नु पर्ने, बैदेशिक पूँजी आकर्षित गरि देशमा रहेका साधन र स्रोतको उच्चतम परिचालन गर्ने र कृषिमा आधुनिकिकरण गर्ने नितिहरु संबिधानमा समावेश गरिनु पर्ने साथै **Social Insurance System** लागु गरि सरकारि र निजि क्षेत्रका रोजगारहरुको भबिष्य सुनिश्चित गरिनु पर्ने । |